## "कृषि, पर्यटन र व्यापार, सुरक्षित समृद्द नगरको आधार"

# चैनपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## चैनपुर, संखुवासभा

स्था[illegible]

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
स्थाः २०७३

पत्र संख्याः २०८३/०८४

चलानी नं ९१

कोशी प्रदेश, नेपाल

---

**आन्तरिक आय संकलनको सूचना !**

दोस्रो पटक प्रकाशित मितिः२०८३/०४/०५

चैनपुर नगरपालिका अन्तर्गत आन्तरिक आय संकलनको लागी आ.व.२०८३/०८४ असार मसान्त सम्मको लागि तपशिल बमोजिमको आन्तरिक आयहरु संकलनको ठेक्का बन्दोबस्ती गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, संस्थाहरुले तपशिल बमोजिमको सर्त बन्देजको अधिनमा रहि ७ दिन( सात दिन) भित्र छुट्टाछुट्टै गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| क्र.स | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधी | न्यूनतम बार्षिक ठेक्का अंक रु. | शिलबन्दी दरभाउपत्र फारम बुझाउने अन्तिम समय | शिलबन्दी दरभाउपत्र फारम खोलिने अन्तिम समय |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८३/०८४ | साप्ताहिक शुक्रबारे हटिया चैनपुर-६,चैनपुर। | १ बर्ष | ७५,०००।- | सूचना प्रकाशित भएको मितिले ७ औ दिन। | शिलबन्दी दरभाउपत्र फारम बुझाउने अन्तिम दिनको भोलिपल्ट दिनको ठिक २:०० बजे। |
| २ | ०२/२०८३/०८४ | साप्तहिक मंगलबारे हटिया-१०,खराङ । | १ बर्ष | ५,०००।- | | |
| ३ | ०३/२०८३/०८४ | मंगलबारे र शुक्रबारे हटिया चैनपुर-५, पोखरी। | १ बर्ष | ५,०००।- | | |
| ४ | ०४/२०८३/०८४ | कवाडीजन्य सामाग्रीहरु संकलन तथा निकासी। | १ बर्ष | १,७५०००।- | | |

१.शिलबन्दी दरभाउपत्र फारम रु.१०००।- बुझाई चैनपुर नगरपालिकाको राजश्व शाखाबाट प्राप्त हुने छ । शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको ७ दिन सम्म (कार्यालय समय ५ वजे) नियम अनुसार दस्तुर लिई फर्म खरिद गर्न सकिनेछ । सातौ दिनको भिलि पल्ट दिनको १२०० वजे भित्र रित पूर्वकको दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ ।

२.शिलबन्दी दरभाउपत्र साथ जमानत बापत कबोल गरेको अंकको १०% ले हुन आउने रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैक लिमिटेडमा रहेको धरौटी खाता च.हि.न.२०३०१००३०३०००००२ मा जम्मा गरेको भौचर संलग्न राखी पेश गर्नुपर्नेछ ।

३.शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा शिलबन्दी दरभाउपत्र खोलिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसमा भोलिपल्ट दर्ता हुने तथा खोलिने छ ।

४. छुट्टाछुट्टै विषयको शिलवन्दी दरभाउपत्र फारम छुट्टाछुट्टै खामको बाहिर ठेक्काको बिषय खोलि यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ ।

फोन नं ०२९-५७०(१३१), (०४९), वेबसाइटः chainpurmun.gov.np ई-मेलः chainpurmun@gmail.com

"कृषि, पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"
चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
स्थाः २०७३

पत्र संख्याः २०८३/०८४
चलानी नं ११ कोशी प्रदेश, नेपाल

---

५. रितपुर्वक दाखिला भएको शिलबन्दी दरभाउपत्रहरु तोकिएको मिति र समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा चैनपुर नगरपालिका नगरकार्यापालिको कार्यालयमा नियम अनुसार खोलिनेछ । तर दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. शिलबन्दी दरभाउपत्र साथ दरभाउपत्र दाताले नेपाली नागरिकताको प्रतिलिपिको अनिवार्य संलग्न गर्नुपर्ने छ । संस्थाको हकमा दर्ताको प्रमाण पत्रको प्रतिलिपि, नविकरण गरेको प्रतिलिपि, कर कार्यालयमा दर्ता भएको प्रतिलिपि,नियम अनुसारको कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य संलग्न गरेको हुनुपर्नेछ ।

७. ठेक्का स्विकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियमानुसार सम्झौता गर्न उपस्थित हुनुपर्ने छ अन्यथा धरौटी जफत गरी प्रचलित नियम अनुसार हुनेछ ।

८. आफुले कवोल गरेको वार्षिक अंक रकम एकमुष्ट बुझाए सम्झौता गरेमा १० प्रतिशत छुट दिईनेछ ।

९. कवोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा सम्पूर्ण कवोल गरेको ठेक्का रकमलाई बार्षिक रुपमा दुई किस्तामा विभाजन गरिने र पहिले किस्ता रकम सम्झौता भएको बखत बुझाउनु पर्नेछ । र बैङ्क ग्यारेन्टी सहित दोस्रो किस्ता तथा अन्तिम अन्तिम किस्ता रकम २०८३ चैत्र मसान्त सम्ममा वुझाउनुपर्नेछ । तोकिएको अवधि भित्र किस्ता नबुझाएमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का नगरपालिकाले तोकेको स्वीकृत दर भन्दा बढी लिन पाईने छैन । बढी लिईएमा वा लिएको ठहरिएमा ठेकेदारलाई जरिवाना असुल गरिने छ र आवश्यक देखिएमा ठेक्का सम्झौता खारेज गर्न सकिने छ ।

११. ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानि नोक्सानी पुर्याएमा सो को हर्जना असुल उपर गर्नुका साथै ठेकेदार लाई आवश्यक कारवाही गरिनेछ ।

१२. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाहा,छुट,हर्जना सहुलियत माग गर्न पाउने छैन ।

१३. कर,शुल्क,दस्तुर अशुल गर्न प्रयोजनका लागी नगर कार्यपालिका कार्यालयले तोकेको ढाचा र छाँपिएको दररेट भएको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाँई नगरपालिकामा अभिलेख गराई छाँप लगाएर मात्र प्रयोग गर्न पाईनेछ ।

१४. कुनैपनि चिठ्ठी,टेलिफोन,फ्याक्सबाट आएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन ।

१५. यस ठेक्का सम्बन्धमा कुनै किसिमको विबाद उत्पन्न भएमा नगर कार्यपालिका कार्यालयको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।

१६. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

१७. नेपाल सरकार, प्रदेश सरकार,यस नगरपालिकाको आदेश निर्देशन, निर्णयको ठेकेदारले अक्षरस पालना गर्नुपर्नेछ ।

१८. यस सूचनामा उल्लेख भएको शर्त यसै बमोजिम र नभएको कुराहरुको हकमा प्रचलित ऐन,कानुन बमोजिम हुनेछ ।

१९. अन्य जानकारीको लागी चैनपुर नगरपालिका नगरकार्यपालिको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

महेश गौतम
नि.प्रमुख प्रशासकिय अधिकृत